annapurnapost.com

# अन्नपूर्ण पोस्ट

शुक्रबार २१ असार २०८१ | आषाढ कृष्णपक्ष औंसी, नेपाल संवत् ११४४ | FRIDAY, JULY 5, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# धोकैै धोकाको राजनीति


२०४६ पछि कुनै पनि सरकारले पूरा अबधि काम गर्न पाएका छैनन् । त्यसका कारण धेरै छन् । तीमध्ये प्रमुख हो- धोका । पछिल्लो समय सत्ता उलटपुलटमा 'धोका' सामान्य हुँदै गएको छ । विगत हेर्दा पञ्चायती व्यवस्था अन्त्यपछि नेपाली कांग्रेसका तत्कालीन सभापति कृष्णप्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम सरकार बन्यो । त्यो सरकारले २०४७ सालको संविधान जारी गऱ्यो । भट्टराईको नेतृत्वमा संविधान जारी भएपछि २०४८ सालमा पहिलोपटक आमनिर्वाचन भयो । यही निर्वाचनदेखि धोकाधडी सुरुवात भएको देखिन्छ ।

**सुरेन्द्र काफ्ले / राधा खनाल** | *काठमाडौं*

**- को रिपोर्ट**

समाचार पृष्ठ २

## युवाका लागि सरकारले उचित लगानीको वातावरण बनाउने छ



**यमलाल कँडेल**

इजलास

उद्यमशीलताका लागि कर्णाली निकै उपयुक्त थलो हो। उद्यम गर्नेहरूका लागि यो एउटा सादा पाना जस्तै छ। यहाँ प्रकृतिले नै आफैं सुन्दरता कोरिदिएको छ। तर, त्यो सादा पाना रूपी कर्णालीमा उपयुक्त चित्र कोर्न यहाँका युवा तयार हुनुपर्छ। यदि यसका लागि तपाईंहरू तयार हुनुहुन्छ भने कर्णाली सरकार सधैं तपाईंहरूको साथमा छ।

कर्णालीका १० वटै जिल्ला उद्योग, व्यापार, कृषि, पर्यटन, जलविद्युत्, जडिबुटीलगायतका नवीनतम् स्रोत र साधानहरूको भण्डार हो। यसको सदुपयोग हुन सकिरहेको अवस्था छैन। विदेशी भूमिमा जुनसुकै कर्म गर्न चाहाने र नेपाली भूमिमा काम गर्दा सानो भइन्छ भन्ने जस्ता सामाजिक सोच, संस्कार र संरचनाका कारण हामी पछाडि परिरहेका छौं। कुनै पनि काम सानो वा ठूलो हुँदैन। कामको सधैं सम्मान गर्नुपर्छ। अब युवाहरूले पनि काम गर्दा सानो होइन, महान बनिन्छ भन्ने सन्देश दिनुपर्छ। यस्ता परम्परागत सोच र गलत धारणाको अन्त्य गर्न युवाको भूमिका निकै महत्वपूर्ण हुन्छ। र, यसका लागि अगाडि बढ्नु जरुरी भइसकेको छ।

कर्णाली प्रदेश सरकारले अहिले उद्यम विकासलाई मुख्य प्राथमिकता दिएको छ। कर्णालीमा उद्यम गर्ने युवाहरूका लागि सरकारले उचित लगानीको वातावरण बनाउने छ। यहाँ कार्यक्रमका लागि बजेटभन्दा पनि बजेटका लागि कार्यक्रम बनाउने प्रचलन बढी छ। त्यसलाई निरुत्साहित गरी कार्यक्रमका लागि बजेटको व्यवस्थापन गर्ने गरी तयारी सरकारले गरिरहेको छ। कर्णालीमा लगानीकर्ताहरूले विभिन्न आयोजनाहरू होल्ड गर्ने परिपाटी पनि व्यापक छ। तर, कागजमा मात्र नभई फिल्डमै काम गर्न आउने लगानी कर्ता र उद्यमीहरूका लागि सरकारले पनि थप सहयोग गर्ने छ।

उद्यम विकास बिना कर्णालीको विकास र समृद्धिको सपना पूरा हुँदैन। त्यसका लागि युवा जनशक्ति तयार हुनै पर्छ। उद्यम गर्न ठोष कार्ययोजना बनाएर अगाडि बढ्दा लगानीको समस्या हुँदैन।

*(कँडेल कर्णाली प्रदेशका मुख्यमन्त्री हुन्।)*

## एकीकृत समाजवादीका मुख्य पदमा पुरानै सेट



**काठमाडौं** (अन्नपूर्ण): नेकपा एकीकृत समाजवादीको अध्यक्षमा माधवकुमार नेपाल सर्वसम्मत चयन भएका छन्। काठमाडौंमा जारी महाधिवेशनबाट नेपाल पुन: अध्यक्षमा चयन भएका हुन्।

त्यस्तै, महासचिवमा घनश्याम भुसाल सर्वसम्मत चयन भएको समाजवादी प्रेस संगठनका अध्यक्ष विश्वमणि सुवेदीले बताए। उनका अनुसार सम्मानित नेतामा पनि झलनाथ खनाल दोहोरिएका छन्। बाँकी रहेका पदमा शुक्रबार बिहानसम्म टुंगो लगाइने बताइएको छ। भुसालले अध्यक्ष पदमा दाबी गर्दै आए पनि अन्त्यमा नेपाल नेतृत्वमा जान उनी सहमत भएका थिए।

असार १६ गतेदेखि सुरु भएको पार्टीको १०औं महाधिवेशन आज सकिँदै छ। ५ दिन चलेको महाधिवेशनले मुख्य तीन पदको छिनोफानो गरे पनि बाँकी पदाधिकारी र केन्द्रीय सदस्य छान्न भने सकेको छैन। भोलिसम्म सहमतिकै आधारमा पदाधिकारी र केन्द्रीय सदस्य चयन गर्ने गरी नेतृत्वपंक्ति छलफलमा रहेको नेताहरूको भनाइ छ।

एकीकृत समाजवादीले १०औं महाधिवेशनबाट २१ पदाधिकारीसहित २९९ सदस्यीय केन्द्रीय कमिटी बनाउने निर्णय गरेको थियो। १ हजार ८ सय ४९ प्रतिनिधि सहभागी भएको महाधिवेशनमा विभिन्न प्रतिवेदनहरू पनि पेश भएको थियो। प्रतिवेदनमाथि १२ समूह बनाएर छलफल गरिएको थियो। केन्द्रीय कमिटी चयन भएपछि महाधिवेशनको घोषणा पत्र सार्वजनिक गरिने बताइएको छ।

# गृहमन्त्रीको निलम्बनमा न्यायाधीशद्वयको भिन्न राय

**मल्लले भनिन्- छानबिन निष्पक्ष गराउनू, सुवेदीले भनिन्- मार्गप्रशस्त गर्नू**

**दिनेश गौतम** | *काठमाडौं*

उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको सहकारी ठगी प्रकरणमा संलग्नता र छानबिन अवधिभर निलम्बन गर्ने/नगर्ने विषयको मुद्दामा सर्वोच्च अदालतका दुई न्यायाधीशबीच राय बाझिएको छ।

न्यायाधीशद्वय सपना प्रधान मल्लले निर्धक्क, निष्पक्ष र स्वतन्त्र भएर अनुसन्धान गर्न दिनू भन्दै गृहमन्त्री लामिछानेको नाममा परमादेश दिएकी छन्। त्यस्तै न्यायाधीश सरंगा सुबेदीले फरक मत राख्दै सार्वभौमसत्ता सम्पन्न आम नागरिकप्रतिको जिम्मेवारी र जवाफदेहिताप्रति प्रतिबद्धता व्यक्त गर्दै नैतिक कर्तव्य बोध गरी गृहमन्त्रीले मार्ग प्रशस्त गर्न परमादेश जारी हुने ठहर गरेकी छन्।

सर्वोच्च अदालतका सूचना अधिकारी गोविन्दप्रसाद घिमिरेका अनुसार, अब यो मुद्दा अन्य तीन न्यायाधीशको पूर्ण इजलासमा पेश गरिने छ। गृहमन्त्री लामिछानेबाट सहकारी ठगीमा अनुसन्धान प्रभावित हुने भएकाले निलम्बन गर्नुपर्ने माग गर्दै अधिवक्ता अनुपम भट्टराईले जेठ १ गते रिट निवेदन दायर गरेका थिए। तर, सर्वोच्च प्रशासन दरपीठ गरेको थियो। त्यसपछि जेठ ९ गते सर्वोच्च अदालतका न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले दरपीठ बदर गर्दै दर्ता गर्न आदेश दिएको थियो।

त्यसपछि जेठ १४ गते रिट निवेदन दायर भएको थियो। रिट निवेदनमा गृहमन्त्री लामिछानेका साथै महान्यायाधिवक्ता डा. दीनमणि पोखरेल र महान्यायाधिवक्ता कार्यालयलाई पनि विपक्षी बनाइएको छ। रिट निवेदनमा लामिछानेले धारण गरेको जिम्मेवारीले अनुसन्धान प्रक्रियामा अनुचित प्रभाव र प्रतिकूल असर पर्ने र प्राकृतिक न्यायको सिद्धान्तविपरीत रहेको दाबी गर्दै पदबाट निलम्बन गर्न र महान्यायाधिवक्ता कार्यालयको पत्र बदर गर्न माग गरिएको छ।

महान्यायाधिवक्ता कार्यालयले सहकारी प्रकरणमा लामिछानेको संलग्नता नरहेको, कुनै उजुरी/जाहेरी तथा अभियोजनसमेत नभएको भन्दै सफाइ पत्र लामिछानेलाई दिएको थियो। गत वैशाख १० गते लामिछानेलाई दिइएको सफाइ पत्रको कानुनी आधार नभएको दाबी रिट निवेदनमा गरिएको छ।

**सहकारी कनेक्सन**

जेठ २८ गते न्यायाधीशद्वय डा. मनोजकुमार शर्मा र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले रिटलाई अग्राधिकार दिँदै गितेन्द्र बाबु राई (जीबी राई) समेत भएको सहकारी ठगी मुद्दाको मिसिल झिकाउन आदेश दिएको थियो। लामिछानेको समेत नाम मुछिएको सुप्रिम सहकारी सुप्रिम बचत तथा ऋण सहकारी लिमिटेड ठगीको मुद्दाको मिसिल पनि झिकाउन आदेश दिएको हो।

बाँकी पृष्ठ ६

न्यायाधीश सपना प्रधान मल्लको राय

### निर्धक्क, निष्पक्ष र स्वतन्त्र भएर अनुसन्धान गर्न दिनू



सहकारी ठगी जस्तो मुद्दामा पीडितको न्यायको हक, कानुनको सर्वोच्चता, मानव अधिकारको मूल्य मान्यता र दण्डहिनताको अवस्थाप्रति अदालत सधैं गम्भीर हुन्छ। तसर्थ आफ्ना मातहतका अनुसन्धान गर्ने निकायलाई सहकारी ठगीमा जाहेरी/सूचना/ प्रतिवेदनमा निर्धक्क, निष्पक्ष र स्वतन्त्र भएर अनुसन्धान गर्न दिनू, दिलाउनू भनी उपप्रधान तथा गृहमन्त्रीको नाममा परमादेश जारी गरिदिएको छ। निजविरुद्ध रहेको जाहेरी अनुसन्धान अगाडि बढे, नबढेको विषयको अनुगमन गर्नू, गराउनू भनी महान्यायाधिवक्ताको नाममा समेत यो आदेश जारी गरिएको छ।

बाँकी पृष्ठ ६

न्यायाधीश सारंगा सुबेदीको राय

### नैतिक कर्तव्य बोध गरी गृहमन्त्रीले मार्ग प्रशस्त गर्नू



न्यायमा अवरोध हुन नदिने नैतिक कर्तव्य र जिम्मेवारी सम्बन्धित मन्त्रीको समेत हुन्छ। गृहमन्त्री जननिर्वाचित जनप्रतिनिधिसमेत भएकाले सार्वभौम नागरिकप्रति निजको उत्तरदायित्व र जवाफदेहिता रहने तथ्यलाई इन्कार गर्न भने मिल्दैन।

रवि लामिछानेले सूचना माग गरेको पत्र बेहोराबाट नै सहकारीको रकम हिनामिना सम्बन्धमा आफ्नोविरुद्ध उठेका प्रश्नहरूको सन्दर्भमा प्रतिरक्षा गर्नु रहेको भन्ने देखिन आएबाट स्वच्छ तवरले सूचना माग गरिएको भनी विश्वास गर्न मिल्ने अवस्थासमेत देखिएन।

बाँकी पृष्ठ ६